परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २०६ पृष्ठ ४ २०८३ जेठ ०३ गते आईतवार 17 May, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# मिथिला बिहारीमा ४८३ परिवारलाई लालपुर्जा वितरण



● टक नेपाल

धनुषाको मिथिला बिहारी नगरपालिकामा ४८३ परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको छ ।

साबिक मिथिलेश्वर निकास गाविस वडा नम्बर ६, ७, ८ र ९ मा पुस्तौंदेखि गाउँब्लक जमिन भोगचलन गर्दैआएका ति परिवारलाई लालपुर्जा वितरण गरिएको हो ।

नापी कार्यालय धनुषाको २ नम्बर नापी टोलीका प्रमुख सियाराम साहले गाउँब्लक जग्गाको नापनक्सा तथा दर्ता प्रक्रिया पुरा गरी शनिबार लालपुर्जा वितरण गरिएको बताउनुभयो । उहाँले कार्यालयमा यस ठाउँबाट दर्ता भएका छ सय ५८ निवेदनमध्ये हाल चार सय ८३ जनालाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको जानकारी दिनुभयो । टोली प्रमुख साहले लालपुर्जा पाउनबाट वञ्चित रहेका परिवारलाई पनि चाँडै सम्पूर्ण प्रक्रिया पूरा गरी प्रमाणपत्र वितरण गरिने बताउनुभयो ।

लालपुर्जा प्राप्तिपछि ती परिवारको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने उहाँले विश्वास व्यक्त गर्नुभयो । वडाध्यक्ष सुरेन्द्रकुमार मण्डलले पुस्तौँदेखि भोगचलन गर्दै आएका गाउँब्लक जग्गाको स्वामित्व प्राप्तिका लागि भएको लामो सङ्घर्ष र सरकारी कर्मचारीको निरन्तर प्रयासको कारण लालपुर्जा वितरण सम्भव भएको बताउनुभयो ।

लालपुर्जा प्राप्त गरेका स्थानीयवासीले आफ्नो पुख्यौली जग्गामा कानुनी अधिकार प्राप्त भएको भन्दै खुसी व्यक्त गरेका छन् ।त्यस अवसरमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र न्यौपाने, कार्यपालिका सदस्य रामउदगार दास, सर्वेक्षक राजिवप्रसाद साह, अमिन श्यामराज पण्डित, सञ्जय यादवलगायत कर्मचारी र विभिन्न राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहे

# छुटेको पिकअप फेरि तस्करीमा पक्राउ



● टक नेपाल

महोत्तरीमा तस्करीको आशंकामा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर भन्सार कार्यालय बुझाएको एक पिकअप फेरि चाइनिज स्याउ तस्करीमै प्रयोग भएको खुलासा भएपछि भन्सार प्रशासनमाथि गम्भीर प्रश्न उठेको छ।

मलिवाडा भिठामोड भन्सार कार्यालयले केही दिनअघि मुद्दा नै नचलाइ फिर्ता गरेको प्र-१-०४-००१ च ०४१४ नम्बरको पिकअप फेरि चाइनिज स्याउ बोकेर भारत प्रवेश गरिरहेको अवस्थामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नियन्त्रणमा लिएको हो। भारतको सिरसिया डिमाहीस्थित पिलर नम्बर ३१० नजिक ५१ बटालियन एसएसबीले उक्त गाडी र सामान नियन्त्रणमा लिएको भारतीय सुरक्षा स्रोतले जनाएको छ।

यसअघि सशस्त्र प्रहरी बल महोत्तरीले गत १९ गते राति इटहर्बाकट्टी नाकाबाट तीन वटा पिकअप नियन्त्रणमा लिएको थियो। ती गाडीमा करिब ६ हजार किलो चाइनिज स्याउ रहेको र सामानको मूल्य ४१ लाख ७० हजार ५ सय रुपैयाँ बराबर रहेको प्रहरी प्रतिवेदनमा उल्लेख थियो।

प्रारम्भिक अनुसन्धानमा सामान भन्सार छल्दै भारततर्फ लैजान खोजिएको देखिएको थियो। प्रहरी पुगेपछि चालकहरू गाडी छाडेर फरार भएका थिए।

सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर बुझाएको सामानमाथि भन्सार कार्यालयले लिलामी सूचना समेत निकालेको थियो। तर, सोही दिन केही घण्टामै मुद्दा नचलाउने निर्णय गर्दै सामान र गाडी फिर्ता गरिएको स्रोतको दाबी छ।

स्थानीयका अनुसार सुरुदेखि नै केही बिचौलियाको सक्रियतामा भन्सार कार्यालयबाट गाडी छुटाइएको चर्चा चलिरहेको थियो। अहिले सोही गाडी फेरि तस्करीमा समातिएपछि भन्सार कर्मचारी, तस्कर र बिचौलियाबीच मिलेमतो रहेको आशंका थप बलियो बनेको छ।

घटनापछि स्थानीय नागरिक, व्यवसायी तथा विभिन्न राजनीतिक दलहरूले निष्पक्ष छानबिन गरी संलग्नमाथि कडा कारबाही गर्न माग गरेका छन्। उनीहरूले भन्सार प्रशासनको भूमिकामाथि समेत उच्चस्तरीय अनुसन्धान हुनुपर्ने बताएका छन्।

# महोत्तरी सीमा तस्करीको ‘सेटिङ रुट’




महोत्तरीको नेपाल-भारत सीमामा खटिएका सुरक्षा निकायको भूमिकामाथि गम्भीर प्रश्न उठ्न थालेको छ । पछिल्ला केही घटनाले सीमा क्षेत्रमा “लाईन मिलाएर” संगठित रूपमा तस्करी भइरहेको आशंकालाई थप बलियो बनाएको छ ।

महोत्तरीका विभिन्न नाकाबाट सहजै भारत पुगेका गाँजा, मदिरा, चाइनिज स्याउ लगायतका अवैध सामान भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले लगातार बरामद गरिरहँदा नेपाली सुरक्षा संयन्त्र भने मौन देखिएको भन्दै स्थानीयवासी, बुद्धिजीवी तथा सीमा सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् ।

दुई साताको अवधिमा मात्र भारतीय एसएसबीले महोत्तरीसँग जोडिएका सीमावर्ती क्षेत्रमा ठूलो परिमाणमा अवैध सामान नियन्त्रणमा लिएको विवरण सार्वजनिक गरेको छ । तीमध्ये अधिकांश सामान महोत्तरीकै सीमा नाका प्रयोग गरेर भारत पुगेको भारतीय सञ्चारमाध्यम तथा सुरक्षा स्रोतले उल्लेख गरेका छन् ।

शनिबार सिर्सिया डिमाही पिलर नम्बर ३१० नजिक चाइनिज स्याउ लोड गरिएको पिकअप भारतीय एसएसबीले नियन्त्रणमा लिएको थियो। त्यसअघि बिहीबार सितामढी जिल्लाको सुरसण्ड क्षेत्रमा १४२ किलो गाँजासहित दुई जनालाई पक्राउ गरिएको भारतीय पक्षले जनाएको छ ।

यसैगरी शुक्रबार सीमा स्तम्भ ३०४/१ नजिक ४४.७ लिटर मदिरासहित एक जना पक्राउ परेका थिए भने भिटामोड क्षेत्रमा मोटरसाइकलमार्फत लगिँदै गरेको ठूलो परिमाणको मदिरा पनि एसएसबीले बरामद गरेको थियो ।

त्यसअघि वैशाख २५ गते १७८ बोतल नेपाली मदिरा, वैशाख २२ गते पिलर नम्बर ३०७ बाट ७२० बोतल मदिरा, सोही दिन ३ किलो चरेससहित दुई मोटरसाइकल र दुई व्यक्ति तथा वैशाख २१ गते ७८० लिटर मदिरा नियन्त्रणमा लिएको विवरण भारतीय अनलाइन पोर्टलहरूमा प्रकाशित छन् ।

स्थानीय बुद्धिजीवीहरू प्रश्न गर्छन्, “भारतीय एसएसबीले समातेका सामान आकाशबाट उडेर भारत पुगेका होइनन्, महोत्तरीकै सडक प्रयोग गरेर सीमासम्म पुगेका हुन् ।”

उनीहरूका अनुसार चौबीसै घण्टा नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायको उपस्थिति रहने सीमाक्षेत्रबाट पटक-पटक ठूलो परिमाणमा अवैध सामान पार हुनु सामान्य घटना हुन नसक्ने तर्क गर्छन् । स्थानीयवासीको आरोप छ कि “लाईन मिलाएका” तस्करका सामान सहजै सीमा कटाइन्छ, तर सामान्य व्यापारी र सर्वसाधारण भने अनावश्यक दुःख पाउने गरेका छन् ।

भारतीय एसएसबीले नियन्त्रणमा लिएका धेरैजसो सामान मुख्य नाका हुँदै भारत प्रवेश गरेको दाबी गर्दै आएका छन् । त्यसले नेपाली सुरक्षा निकायले देखेर पनि नदेखेझैँ गरेको हो वा आर्थिक लेनदेनपछि संगठित रूपमा तस्करीलाई संरक्षण दिइएको हो भन्ने प्रश्न उठेको छ ।

सीमा विषयका जानकारहरूका अनुसार महोत्तरीको सीमाक्षेत्र अहिले “संगठित तस्करीको ट्रान्जिट करिडोर” बन्दै गएको छ । उनीहरू भन्छन्, “तस्करीले राज्यको राजस्व मात्र होइन, सुरक्षा प्रणालीकै विश्वसनीयतामाथि असर पुर्याइरहेको छ ।”

लगातार सार्वजनिक भइरहेका घटनापछि सीमामा खटिएका नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको भूमिकामाथि निष्पक्ष छानबिन हुनुपर्ने माग स्थानीय स्तरमा उठ्न थालेको छ ।

स्थानीय सरोकारवालाहरू भन्छन्, “यदि नेपाली सुरक्षा निकायले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निभाएको भए भारतीय पक्षले यति धेरै सामान समात्ने अवस्था आउने थिएन ।”

महोत्तरीको सीमाक्षेत्र अहिले सुरक्षा संवेदनशीलताभन्दा बढी ‘सेटिङ र तस्करीको रुट’ का रूपमा चिनिन थालेको भन्दै स्थानीयले तत्काल कडा निगरानी, अनुसन्धान र कारबाहीको माग गरेका छन् ।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

# वरसाइतः नारी आस्था

मिथिला समाजको वटसावित्री (वरसाइत) पर्व केवल धार्मिक अनुष्ठान मात्र होइन, नारी आस्था, त्याग र सांस्कृतिक पहिचानको जीवन्त प्रतीक हो। सावित्री-सत्यवानको पौराणिक कथासँग जोडिएको यो पर्वले पतिको दीर्घायुका लागि नारीको अटल विश्वास, समर्पण र संकल्पलाई केन्द्रमा राख्छ। वटवृक्षको पूजा, लोकगीत, र सामूहिक सहभागिताले यस पर्वलाई धार्मिकतासँगै सामाजिक एकताको उत्सव बनाएको छ।

मिथिलाको 'भार' परम्परा, पूजन सामग्रीको विशेषता र माइती-ससुरालीबीचको सम्बन्धले यस पर्वलाई अझ सांस्कृतिक गहिराइ प्रदान गरेको छ। वटवृक्षलाई प्रकृतिको प्रतीकका रूपमा पूजा गर्नुले मानव र प्रकृतिबीचको सहअस्तित्वको सन्देश दिन्छ। साथै, वर-पिपल विवाहको परम्पराले समाजमा दाम्पत्य जीवनको पवित्रता र पर्यावरणीय चेतनालाई समेत उजागर गर्छ।

आजको आधुनिक समाजमा यस्ता पर्वहरूले केवल परम्परा जोगाउने मात्र होइन, सामूहिक चेतना, महिला एकता र सांस्कृतिक पहिचानलाई पनि मजबुत बनाइरहेका छन्। वटसावित्री पर्वले नारी शक्तिको सम्मानसँगै सामाजिक सद्भाव र प्रकृतिप्रतिको श्रद्धालाई अझ सुदृढ बनाउने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

# महेन्द्रनगरमा १५ शय्याको अस्पताल भवन निर्माण सुरु

● टक नेपाल



छिरेश्वरनाथ नगरपालिका-५, महेन्द्रनगरमा १५ शयूयाको सुविधा सम्पन्न अस्पताल भवन निर्माण कार्य सुरु गरिएको छ। नगरवासीलाई सहज, सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पताल भवन निर्माण अघि बढाइएको हो।

महेन्द्रनगरस्थित प्राथमिक उपचार केन्द्र परिसरमा निर्माण हुने अस्पताल भवनको शिलान्यास नगर प्रमुख सुखदेव यादव र उपप्रमुख रचना श्रेष्ठ माथेमाले संयुक्त रूपमा गर्नुभयो।

शिलान्यास कार्यक्रममा बोल्दै नगर प्रमुख यादवले नगरभित्र स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न अस्पताल निर्माणलाई प्राथमिकतामा राखिएको बताउनुभयो। उहाँका अनुसार अस्पताल भवन निर्माणका लागि कुल १८ करोड रुपियाँ बजेट विनियोजन गरिएको छ भने टेन्डर प्रक्रियामार्फत १२ करोड १० लाख २१ हजार रुपियाँमा निर्माण ठेक्का लागेको हो।

नगर प्रमुख यादवका अनुसार सिरहास्थित बलाजी ड्रीमवे जन आदर्श जेभी निर्माण कम्पनीले ठेक्का पाएको छ। २०८२ चैत १८ गते ठेक्का सम्झौता भएको र २०८४ चैत १८ गतेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको उहाँले जानकारी दिनुभयो।

अस्पताल निर्माणपछि नगरवासी तथा आसपासका क्षेत्रका नागरिकले सामान्य उपचारका लागि बाहिर जानुपर्ने बाध्यता अन्त्य हुने विश्वास व्यक्त गरिएको छ। अस्पतालमा आधारभूत स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य, आकस्मिक सेवा तथा विभिन्न रोगको उपचार सेवा विस्तार गर्ने योजना रहेको जनाइएको छ।

उपप्रमुख माथेमाले नगरपालिकाले शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै अस्पताल निर्माणले स्थानीय नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले समयमै गुणस्तरीय निर्माण सम्पन्न गर्न निर्माण कम्पनीलाई आग्रह गर्नुभयो। शिलान्यास कार्यक्रममा वडाध्यक्ष, जनप्रतिनिधि, कर्मचारी, स्थानीय बुद्धिजीवी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो।

## पत्रकारिता पेसालाई सुरक्षित बनाउन.......................................................

गरिएको निवर्तमान अध्यक्ष दिलीप खत्रीले बताउनुभएको छ।

पेन्सन कोषलाई थप व्यवस्थित गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारका साथै विभिन्न दातृ निकाय तथा अन्तरराष्ट्रिय सङ्घसंस्थाको सहयोग लिइने पत्रकार महासङ्घले जनाएको छ। विसं २०६१ सालमा स्थापना भएको नेपाल पत्रकार महासङ्घ खोटाङ शाखामा हाल ३१ जना साधारण सदस्य रहेका छन्।

पत्रकार महासङ्घ खोटाङ शाखाको आफ्नै कार्यालय भवन निर्माणको कामसमेत गत चैतबाट सुरु गरिएको छ। कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको बहुवर्षीय योजनाअन्तर्गत विनियोजन भएको रु तीन करोड बजेटमा साढे दुईतले पक्की कार्यालय भवन निर्माणको काम सुरु गरिएको हो। मोहन एन्ड बैँसीगाउँ-रूपाकोट-सरस्वती जेभी खोटाङले ठेक्का प्रणालीमार्फत निर्माण सुरु गरेको पत्रकार महासङ्घ खोटाङको भवन २०८४ साल पुस २३ गतेभित्र भवन निर्माणको काम सम्पन्न गर्नुपर्नेछ।

पत्रकार महासङ्घ खोटाङ शाखाको आफ्नै कार्यालय भवन नहुँदा अहिले दिक्तेल बजारस्थित भवनगैरामा व्यक्तिको घर भाडामा लिएर साँघुरो कोठाबाट कार्यसञ्चालन गर्दै आएको छ।

पत्रकार महासङ्घ खोटाङका लागि कृषिविज्ञ मदन राईले दिक्तेलस्थित किरातचोक नजिकै आठ आना जग्गा निःशुल्क उपलब्ध गराउनुभएको छ। साकेला गाउँपालिका-२ रतन्छा निवासी कृषिविज्ञ राईले विसं २०६३ निःशुल्क उपलब्ध गराउनुभएको जग्गामा यसअघि निर्माण गरिएको ढुङ्गारमाटोको कच्ची भवन उपयोगविहीन भएको थियो। रासस

## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ।
- ❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने।
- ❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने।
- ❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक।
- ❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने।
- ❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने।
- ❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने।
- ❖ हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने।
- ❖ मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ। उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको गाम्भ( ीयता बुझाउन जरूी छ।
- ❖ भातीय सिमा नाकाहरूमा संघ संस्था नागकि समाजसंग मिले निगानी प्रभावकी बनाइनु पदछ।
- ❖ अनुसन्धान पद्धतिमा व्यापक सुधा गी विज्ञ समूह खडा गने विशेष अनुसन्धान पद्धति लागू गनु आवश्यक छ।

एकडारा गाउँपालिका महोत्तरी, मधेश प्रदेश






# सामुदायिक विद्यालयमा बढ्दै आकर्षण

● विजय साह

धनुषाको मिथिला नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन र निःशुल्क सवारी सुविधाले विद्यार्थीको आकर्षण बढ्न थालेको छ। सामुदायिक विद्यालयमै गुणस्तरीय शिक्षा दिने उद्देश्यले यहाँका अधिकांश विद्यालयले अंग्रेजी माध्यमबाट पढाउन सुरु गरेपछि विद्यार्थीको चाप बढ्न थालेको हो।

ढल्केबरमा रहेको महेन्द्र माध्यमिक विद्यालयमा चालु शैक्षिक सत्रदेखि शिशु कक्षादेखि कक्षा ६ सम्म अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरिएको छ। विद्यालयले विद्यार्थीलाई ल्याउन लैजान निःशुल्क सवारी सुविधासमेत सञ्चालनमा ल्याएपछि भर्ना हुने विद्यार्थीको सङ्ख्या उल्लेख्य रूपमा बढेको विद्यालय प्रशासनले जनाएको छ।

विद्यालयका प्रधानाध्यापक रामकुमार महतोले नियमित नेपाली माध्यमसँगै अंग्रेजी माध्यमबाट पढाउन सुरु गरेपछि अभिभावकको विश्वास बढेको बताउनुभयो। उहाँले चालु शैक्षिक वर्षमा मात्रै धेरै नयाँ विद्यार्थी भर्ना भएका जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अहिले पनि भर्नाका लागि अभिभावक आउने क्रम जारी छ तर जनशक्ति र कक्षाकोठाको अभावका कारण सबैलाई भर्ना लिन सकिएको छैन।"

प्रधानाध्यापक महतोले सामुदायिक विद्यालयप्रति अभिभावकको बढ्दो भरोसालाई कायम राख्न गुणस्तरीय शिक्षामा जोड दिइएको बताउनुभयो। उहाँले भन्नुभयो, "भर्ना गरेर मात्र हुँदैन, गुणस्तरीय शिक्षा दिन सक्नु पर्छ।" उहाँले विद्यालयले तत्कालका लागि भाडाको गाडीमार्फत विद्यार्थी ओसारपसार गरिरहेको बताउँदै नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोले बस उपलब्ध गराउने आश्वासन दिएको जानकारी दिनुभयो।

त्यसै गरी मिथिला नगरपालिका-९, बडहरीस्थित सार्वजनिक माध्यमिक विद्यालयले शिशु कक्षादेखि कक्षा १२ सम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्दै आएको छ। यसअघि कक्षा ८ सम्म मात्रै अंग्रेजी माध्यममा पढाइ गराउँदै आएको विद्यालयले यस वर्षदेखि कक्षा १२ सम्म विस्तार गरेको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप महतोले अंग्रेजी माध्यम र बस सेवाका कारण यस वर्ष करिब चार सय नयाँ विद्यार्थी भर्ना भएका जानकारी दिनुभयो। उहाँका अनुसार विद्यार्थीको सुविधाका लागि विद्यालयले आफ्नै बस सञ्चालनमा ल्याएको छ। बस खरिदका लागि विद्यालयमा कार्यरत शिक्षकले एक महिनाको तलब सहयोग गरेका छन् भने बाँकी रकम विद्यालयको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएको उहाँले बताउनुभयो।

यसै गरी नकटाझिजस्थित जनता माध्यमिक विद्यालयले यसअघि नै शिशु कक्षादेखि कक्षा १० सम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्दै आएको छ। विद्यालयमा पछिल्लो समय विद्यार्थीको नियमित उपस्थिति र सिकाइ उपलब्धिमा सुधार आएको प्रधानाध्यापक श्याम यादवले बताउनुभयो।



मिथिला नगरपालिकाका शिक्षा शाखा प्रमुख सीता काफ्लेले नगरपालिकाभित्र रहेका २८ सामुदायिक विद्यालयमध्ये २२ वटा विद्यालयमा नेपालीसँगै अंग्रेजी माध्यमबाट पठनपाठन भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार विद्यालयमा दक्ष शिक्षक व्यवस्थापन, पाठ्यसामग्री, प्रविधिमैत्री कक्षा तथा बालमैत्री वातावरण निर्माणमा नगरपालिकाले प्राथमिकता दिएको छ।

मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोले आफू निर्वाचित भएर पदभार ग्रहण गरेकै दिन नगरभित्रका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट समेत पठनपाठन सञ्चालन गर्ने निर्णय गरेको बताउनुभयो। उहाँले सोही लक्ष्य अनुसार सामुदायिक विद्यालयलाई निजी विद्यालयसरह प्रतिस्पर्धी र गुणस्तरीय बनाउने काम भइरहेको जानकारी दिनुभयो।

नगर प्रमुख महतोका अनुसार आवश्यक जनशक्ति, पाठ्यपुस्तक, पूर्वाधार तथा प्रविधिको व्यवस्थापन गर्दै नगर क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयमा क्रमशः अंग्रेजी माध्यमको पठनपाठन विस्तार गरिने छ। उहाँले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारसँगै अभिभावकको आर्थिक भार कम गर्ने उद्देश्यले बस सेवा, अतिरिक्त क्रियाकलाप तथा प्रविधिमैत्री शिक्षण प्रणालीमा समेत जोड दिइएको बताउनुभयो। स्थानीय विनोद ठाकुरले सामुदायिक विद्यालयमा निजी जस्तै पठनपाठन हुन थालेपछि आफ्ना दुई छोराछोरीलाई निजी विद्यालयबाट निकालेर सामुदायिक विद्यालयमा भर्ना गरेको जानकारी दिनुभयो। शिक्षाको गुणस्तर सुधारसँगै सवारी सुविधा उपलब्ध गराउन थालेपछि सामुदायिक विद्यालयप्रति अभिभावको विश्वास पुनः बढ्न थालेको उहाँको भनाइ छ।

हैजा बारे जानौं, बुझौं र सतर्क रहौं

गर्मी तथा वर्षायाम सुरु भएसँगै विशेषगरि बालबालिकामा झाडापखाला, हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन असाध्यै जरुरी छ।

घरैमा उपचार गर्ने ५ नियम

१ झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने

२ प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने

३ नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने

४ स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नबिराइकन खुवाउने

५ व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने



गौशाला नगरपालिका,महोत्तरी (मधेश प्रदेश)

## पत्रकारिता पेसालाई सुरक्षित बनाउन

# 'ज्येष्ठ पत्रकार पेन्सन कोष' स्थापना

● टक नेपाल /खोटाङ

नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा खोटाङले 'ज्येष्ठ पत्रकार निवृत्तिभरण कोष' स्थापना गरेको छ। पत्रकारिता पेसालाई मर्यादित, सुरक्षित, सम्मानित, व्यावसायिक तथा उत्तरदायी बनाउने उद्देश्यसहित पत्रकार महासङ्घ खोटाङले ज्येष्ठ पत्रकार पेन्सन कोष स्थापना गरेको हो।

ज्येष्ठ पत्रकारहरूको हित संरक्षण, आत्मसम्मान अभिवृद्धि, सामाजिक सुरक्षा सुनिश्चितता तथा उनीहरूको अनुभव, योगदान र समपर्णको उच्च कदर गर्न जिल्लामा 'ज्येष्ठ पत्रकार निवृत्तिभरण (पेन्सन) कोष' स्थापना गरिएको नेपाल पत्रकार महासङ्घ खोटाङ शाखाका अध्यक्ष हरिबोल आचार्यले जानकारी दिनुभयो।

"पत्रकारिता पेसालाई मर्यादित, सुरक्षित, सम्मानित, व्यावसायिक तथा उत्तरदायी बनाउन ज्येष्ठ पत्रकार पेन्सन कोष स्थापना गरिएको छ। यसका लागि सुरुमा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कमा रु १० लाख जम्मा गर्ने योजना बनाएका छौँ", उहाँले भन्नुभयो, "कोषबाट ६५ वर्ष पूरा गरेका पत्रकारलाई हरेक महिना मासिक रु तीन हजारका दरले पेन्सन प्रदान गर्छौं। जुन व्यक्ति २५ वर्षदेखि निरन्तर जिल्लामै रहेर पत्रकारिता पेसामा आबद्ध भएको हुनुपर्नेछ।"

ज्येष्ठ पत्रकार निवृत्तिभरण ९पेन्सन० कोष नेपाल पत्रकार महासङ्घ शाखा खोटाङको मातहतमा रहनेगरी छुट्टै कोष स्थापना गरिएको छ। पत्रकारहरूको आर्थिक तथा सामाजिक सुरक्षामा सहयोग पुर्याउन ज्येष्ठ पत्रकार निवृत्तिभरण ९पेन्सन० कोष स्थापना गने ' निर्णय गरिएको सचिव राजकुमार भट्टराई 'सरगम'ले जानकारी दिनुभयो।

पेन्सन कोषबाट प्रधान सम्पादक, सम्पादक, संवाददाता, समाचार वाचक, फोटो पत्रकार, व्यङ्ग्ये चित्रकार लगायतले सुविधा लिनसक्ने कार्यविधिमा उल्लेख गरिएको छ। पेन्सन कोषको सुविधा लिने ज्येष्ठ पत्रकार कुनै राजनीतिक दल वा अन्य पेसागत संस्थाको कार्यकारी पदमा नरहेको हुनुपर्ने पत्रकार महासङ्घले जनाएको छ।

सूचना तथा प्रशारण विभाग वा प्रेस काउन्सिल नेपालको कालोसूचीमा नपरेको तथा नैतिक पतन देखिने फौजदारी अपराधमा अदालतबाट दोषी ठहर भएको व्यक्तिलाई समेत सुविधा उपलब्ध नगराइने पत्रकार महासङ्घले बनाएको कार्यविधिमा उल्लेख छ। पत्रकार महासङ्घले स्थापना गरेको पेन्सन कोषले पत्रकारिता पेसामा लामो समयदेखि योगदान दिएका पत्रकारहरूको सम्मान तथा संरक्षणमा सहयोग पुग्ने अपेक्षा

बाकी पृष्ठ २......

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



जनकपुरलाई
## विश्वसम्पदा सूचीमा सूचीकृत गराउन यात्रा



• टक नेपाल

जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउन 'जनकपुरधाम सम्पदा यात्रा' आयोजना गरिएको छ।

शनिवार उक्त सम्पदा यात्राको आयोजना गरिएको हो। जानकी मन्दिर प्राङ्गणबाट सुरु भएको सम्पदा यात्रा जनकपुरधामका सम्पदाहरूको परिक्रमा गरी महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक भवनसम्म पुगेर सकिएको थियो।

सम्पदा यात्रामा जानकी मन्दिर, पेठिया बजार, रंगभूमि मैदान, रामजानकी विवाह मण्डप, अरगज्जा पोखरी, राम मन्दिर, धनुष सागर, गंगासागर लगायतका सम्पदाहरूको बाजागाजासहित पद यात्रा गरिएको हो।

जनकपुरधामको ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण गर्न तथा जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन सम्पदा यात्रा आयोजना गरिएको आयोजकले जनाएको छ। यात्रामा स्थानीयवासी, युवा, विद्यार्थी, संस्कृति संरक्षणकर्मी तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरू सहभागी थिए।

## सप्तरीमा १४१ किलो गाँजासहित दुई जना पक्राउ

• टक नेपाल

सप्तरी प्रहरीले ठुलो परिणाममा लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ।

धनकुटाका साङगुरीगढी गाउँपालिका वडा नम्बर १ का ३३ वर्षीय महाप्रसाद लिम्बू र मोरङको लेटाङ नगरपालिका वडा नम्बर ५ का ४७ वर्षीय बलबहादुर लिम्बू एक सय ४१ किलो गाँजासहित बिहीबार पक्राउ गरेको हो।

पूर्वपश्चिम राजमार्गको खडक नगरपालिका-५, रन्जितपुर खण्डमा सवारी चेकजाँचका क्रममा ठुलो परिमाणमा गाँजासहित उनीहरूलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। धरानबाट लहानतर्फ जाँदै गरेको को. १ च. २६६७ नम्बरको पिकअप भ्यानलाई शङ्का लागेर खानतलासी गर्दा भित्र लुकाएर राखिएको १४ पोकामा कुल १४१ किलो गाँजा फेला परेको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले बताउनुभयो।

पिकअप भ्यान सहित दुवैजनालाई नियन्त्रणमा लिई सप्तरी जिल्ला अदालत राजविराजबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ।

यसै बिच सवारी ज्यान मुद्दामा विगत आठ महिनादेखि फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।दुर्घटनामा संलग्न रही फरार रहेका खडक नगरपालिका वडा नम्बर १० का २६ वर्षीय शिभामणि चौधरीलाई प्रहरीले लुकिछिपी बसेको अवस्थामा बेल्हाबाट पक्राउ गरेको जनाएको छ।


## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

**सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।**

**औरही नगरपालिका, मधेश प्रदेश, महोत्तरी**


जसपा नेपालमा मत विभाजन,
## मुख्यमन्त्री यादवको विश्वासको मत अनिश्चित

• टक नेपाल



मधेस प्रदेशका मुख्यमन्त्री 'सीएम' कृष्ण यादव यही जेठ ८ गते विश्वासको मत लिने तयारीमा छन्। तर, निर्णायक स्थानमा रहेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी(जसपा) नेपालमा भने दुई धार देखिएको छ। अर्थात विभाजित बन्न पुगेको छ। मत बाँझिएसँगै पार्टीले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने/नदिनेबारे अहिलेसम्म निर्णय गर्न सकेको छैन।जसपा नेपालको शुक्रबार बसेको मधेस प्रदेश संसदीय दलको बैठकले विश्वासको मत दिने/नदिनेबारे निर्णय लिन सकेन। जसकारण मुख्यमन्त्री यादवले विश्वासको मत लिने समय हेरफेर गर्नुपर्‍यो।

जसपा नेपालमा २६ जना सांसद छन्। त्यसमध्ये अधिकांश सांसदहरूले सरकारमा जान नहुने बताइरहेका छन्। तर सरकारमा जानैपर्ने अवस्था आएमा आफूहरूले नै नेतृत्व गर्नुपर्ने उनीहरूको भनाइ छ।

बैठक स्रोतका अनुसार जसपा नेपालका प्रदेश सभा सदस्य एवं पूर्वमुख्यमन्त्री लालबाबु राउत, मनिष सुमन, राजु गुप्ता, रानी शर्मालगायत सांसदहरूले वर्तमान सरकारलाई निरन्तरता दिनुपर्ने धारणा राखेका थिए।

मनिष सुमन, रानी शर्मा तिवारी र राजु गुप्ता यादव नेतृत्वको सरकारमा छन्। उनीहरुले अहिले नीति तथा कार्यक्रम एवं बजेट बनाउने समयमा सरकार फेरबदलको काममा लाग्न नहुनेमा जोड दिएका एक नेताले बताए।

प्रदेश सभा सदस्य राउतले वर्तमान सरकारलाई समर्थन गरेर अघि बढ्ने बताए। उनले भने, 'हालसम्म वर्तमान सरकारलाई नै समर्थन गने सहमतिमा पार्टी पुगेको छ, ८ गतेसम्म अर्को कुनै परिस्थिति बन्यो भने त्यो बेग्लै कुरा हो,'तर हालसम्मको अवस्था हेर्दा मुख्यमन्त्रीमा कृष्ण यादवलाई नै समर्थन गरेर जाने कुरा छ।'

यस्तै जसपा नेपालका केही नेताहरू भने सरकारले लक्ष्य अनुसार काम गर्न नसकेको भन्दै मुख्यमन्त्रीको आलोचना गरिरहेका छन्। विगतको सरकारमा भन्दा वर्तमान सरकारको कार्यमूल्यांकन कमजोर रहेको भन्दै केही नेताहरू सरकारको विरोध गर्दै आएका छन्

पूर्वमुख्यमन्त्री एवं जसपा नेपालका नेता सरोज यादव (बारा)ले मुख्यमन्त्री यादवले लक्ष्य अनुरूप काम गर्न नसकेको आरोप लगाए।

नीति तथा कार्यक्रम एवं बजेटले तय गरिसकेका कामहरू पनि गर्न नसकिएको उनले दाबी गरे। मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई समर्थन गर्ने कि नगर्ने विषयमा पार्टीले निर्णय गर्न बाँकी रहेको नेता यादवले बताए।

जसपा नेपालकै अर्का प्रदेश सभा सदस्य जैनुल राइनले प्रदेशले जुनसुकै निर्णय गरेपनि अन्तिममा केन्द्रको निर्देशन नै सर्वमान्य हुने उनले बताए। ८ गतेभित्र आउने केन्द्रको निर्देशन अनुसार नै आफूहरू अघि बढ्ने प्रदेश सभा सदस्य राइनले बताए।

मुख्यमन्त्री यादवलाई नै समर्थन गर्ने कुरा भएपनि विश्वासको मत लिने कार्यक्रम नै सरेपछि अर्को निर्णय गर्न सक्ने अवस्था रहेको बताए। उनले भने,'मधेस प्रदेश संसदीय दलभन्दा पनि केन्द्रले यस बारेमा के निर्णय गर्छ, त्यसमा सबै कुराको भर पर्छ'।

### संसदीय दलको नेता बन्न दौडधुप

जसपा नेपाल र लोसपा नेपालबिच एकता भएको थियो। निर्वाचन आयोगले मान्यता समेत दिइसकेको छ। यसैबिच मधेस प्रदेशमा संसदीय दलको नेता बन्नका लागि नेताहरू दौडधुपमा छन्।

दुवै पार्टीका नेताहरूले संसदीय दलको नेता दाबी गरेका छन्। मधेस प्रदेशको संसदीय दलको बैठकले निर्णय गर्नुपर्ने एक नेताले बताए। तर प्रदेशले नेता चयन गर्न नसके केन्द्रले निर्णय गरेर पठाउने ती नेताले बताए।

## सडक मानव खोज्दै मानव सेवा आश्रम

सडक आश्रित तथा सहयोगापेक्षी मानवको उद्धार अभियान अन्तर्गत मानव सेवा आश्रमको टोली शनिबार धनुषाको ढल्केबर आइपुगेको छ।



मानव सेवा आश्रम र आनी छोइङ ड्रोल्मा फाउन्डेसनको सहकार्यमा सञ्चालित 'मेचीमहाकाली राष्ट्रिय उद्धार यात्रा २०८३' अन्तर्गत पाँचौं दिनमा यहाँ आइपुगेको टोलीले सडक आश्रित व्यक्तिको खोजी तथा उद्धार कार्य गरेको हो।

मानव सेवा आश्रमका केन्द्रीय महासचिव सुशीला केसीले सडक मानवमुक्त देश बनाउने सरकारको अभियानलाई सफल बनाउन आश्रमका अभियन्ता देशव्यापी उद्धार यात्रामा खटिएको बताउनुभयो।

उहाँका अनुसार ढल्केबर क्षेत्रमा गरिएको खोजी अभियानका क्रममा एक जना सडक आश्रित व्यक्तिको उद्धार गरिएको छ।

उहाँले मधेश प्रदेश अन्तर्गत सप्तरी, सिराहा र धनुषामा गरी हालसम्म ११ जनाको उद्धार गरिएको बताउँदै उद्धार गरिएकामध्ये चार जना महिला र सात जना पुरुष रहेको जानकारी दिनुभयो।

त्यस्तै, कोशी प्रदेशबाट मात्रै ४८ जना सडकआश्रित मानवको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये ३६ जना पुरुष र १२ जना महिला रहेका छन्।

आश्रमले सडकपेटी, सार्वजनिक स्थल तथा बजार क्षेत्रमा जीवन बिताइरहेका व्यक्तिलाई उद्धार गरी आश्रममा संरक्षण, उपचार तथा पुनःस्थापनाको व्यवस्था गर्दै आएको महासचिव केसीले बताउनुभयो।

सडकको पीडा, बेवास्ता र असहायताबिच जीवन बिताइरहेका व्यक्तिलाई संरक्षणमा ल्याएर नयाँ जीवनतर्फ अग्रसर गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको उहाँको भनाइ छ।

वैशाख २७ गते काठमाडौँबाट सुरु गरिएको उक्त अभियान जेठ २२ गतेसम्म सञ्चालन हुने जनाइएको छ। वर्षायाममा कसैले पनि सडकपेटीमा कष्टकर जीवन बिताउन नपरोस् भन्ने उद्देश्यले अभियान सञ्चालन गरिएको हो।

झापाबाट औपचारिक रूपमा सुरु गरिएको यात्रामा मेची पुलमा दीप प्रज्ज्वलन गरिएको थियो। यात्रामा २४ जना सहभागी रहेका छन्।

मानव सेवा आश्रमले सडक आश्रित मानव देखिएमा उद्धार कार्यमा सहजीकरणका लागि नजिकको प्रहरी कार्यालय वा आश्रमलाई जानकारी गराइ सहयोग गर्न महासचिव केसीले सबैमा आग्रह गर्नुभयो।

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014